# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. २३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आर्थिक वर्ष २०६१।६२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्न व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना: आर्थिक वर्ष २०६१।६२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "विनियोजन अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०६१।६२ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः आर्थिक वर्ष २०६१।६२ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रु. ९४,५५,२५,८०,०००।- (चौरानब्बे अरब पचपन्न करोड पच्चीस लाख असी हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यो अध्यादेशद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६१।६२ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा श्री ५ को सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संख्या ८६ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्मको जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. बचाउ: सम्वत २०६१ साल श्रावण १ गते जारी भएको विनियोजन अध्यादेश, २०६१ बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची– १

(दफा २ सँग सम्बन्धित)

नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार

सञ्चित कोष माथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | श्री ५ महाराजाधिराज, राजपरिवार तथा राजदरबार | ३३००७५ |
| २ | १२ | राजपरिषद् | ११५३६ |
| ३ | १३ | संसद | ४६७४ |
| ४ | १४-३-११० | सर्वोच्च अदालत | ४८३४० |
| ५ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३७५३० |
| ६ | १६ | महालेखा परीक्षकको विभाग | ५९३०२ |
| ७ | १७ | लोक सेवा आयोग | ६१८०५ |
| ८ | १८ | निर्वाचन आयोग | ६८१६० |
| ९ | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | १०५०१९१५ |
| १० | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ७०८८८४९ |
| ११ | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २५२२१३४ |
| १२ | ९५-३-९२३ | अर्थ मन्त्रालय विविध-दण्ड जरिवाना फिर्ता | ३००० |
| | | जम्मा | २०७३७३२० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- २
(दफा २ संग सम्बन्धित)
### सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | पूँजीगत खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १ | १३ | संसद | २०५५०६ | १४७१५ | २२०२२१ |
| २ | १४ | अदालत | ५२६७४७ | १८५०१५ | ७११७६२ |
| ३ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १६८५४ | २१००५ | ३७८५९ |
| ४ | १६ | महालेखा परीक्षकको विभाग | २६८९० | १३५० | २८२४० |
| ५ | १७ | लोक सेवा आयोग | ३००० | ४००० | ७००० |
| ६ | १८ | निर्वाचन आयोग | ५१८१०० | ० | ५१८१०० |
| ७ | १९ | महान्यायाधिवक्ताको कार्यालय | ९२३४५ | १९७५ | ९४३२० |
| ८ | २० | न्याय परिषद् | ४३७० | ० | ४३७० |
| ९ | २६ | उप-प्रधानमन्त्रीको कार्यालय | १५०० | ० | १५०० |
| १० | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ८५७१ | ३३४६० | ४२०३१ |
| ११ | ३० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ११७३४७ | १४०० | ११८७४७ |
| १२ | ३५ | अर्थ मन्त्रालय | ६३५९६० | ४२४४६० | १०६०४२० |
| १३ | ३८ | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९११५८२ | १११०५३ | १०२२६३५ |
| १४ | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ३५३९८ | ४१५ | ३५८१३ |
| १५ | ४० | कृषि तथा सहकारी मन्त्रालय | २५०३४७५ | १८८८०९ | २६९२२८४ |
| १६ | ४५ | गृह मन्त्रालय | ६९४८८१० | ६६९८९३ | ७६१८७०३ |
| १७ | ४६ | जनसंख्या तथा वातावरण मन्त्रालय | ४७७२९ | ५००० | ५२७२९ |
| १८ | ४७ | जलस्रोत मन्त्रालय | ४८७३१५ | ३०३८३०३ | ३५२५६१८ |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | पूंजीगत खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १९ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | १०९२२५९ | ७९८४२८७ | ९०७६५४६ |
| २० | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २७००२३ | १८२७९७ | ४५२८२० |
| २१ | ५० | परराष्ट्र मन्त्रालय | १०३१५०२ | १७२६० | १०४८७६२ |
| २२ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ६६२५८२ | ७४२९२ | ७३६८७४ |
| २३ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ३०२५४७ | ५५६८ | ३०८११५ |
| २४ | ५८ | रक्षा मन्त्रालय | ६९२२१४६ | १०८३२५० | ८००५३९६ |
| २५ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | १५७४८०३ | ३३६९८६ | १९११७८९ |
| २६ | ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | २०१०५२ | ८२६९५१ | १०२८००३ |
| २७ | ६५ | शिक्षा तथा खेलकूद मन्त्रालय | १६६८४६४३ | १३७५०११ | १८०५९६५४ |
| २८ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ५१२१८ | १६३० | ५२८४८ |
| २९ | ६७ | सूचना तथा संचार मन्त्रालय | १०७९००० | ९४५७११ | २०२४७११ |
| ३० | ६९ | स्थानीय विकास मन्त्रालय | २४४१४५२ | ५०४९४८७ | ७४९०९३९ |
| ३१ | ७० | स्वास्थ्य मन्त्रालय | ५४३५५७२ | १११७८६९ | ६५५३४४१ |
| ३२ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | २०८८९२ | १०६४५ | २१९५३७ |
| ३३ | ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | २२६६५१ | ३०४३५४ | ५३१००५ |
| ३४ | ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ० | ६२६२६६३ | ६२६२६६३ |
| ३५ | ९५ | अर्थ मन्त्रालय-विविध | १०५९१२४३ | २४०५८८२ | १२९९७१२५ |
| | | जम्मा | ६१८६७०८४ | ३२६८५४९६ | ९४५५२५८० |

लालमोहर सदर मिति: २०६१।१०।१६

आज्ञाले,

**डा. कुलरत्न भुर्तेल**

**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि बिविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना: आर्थिक वर्ष २०६१।६२ को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले राष्ट्र ऋण उठाउन तत्काल आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "राष्ट्र ऋण उठाउने अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋण उठाउने अधिकार: (१) आर्थिक वर्ष २०६१।६२ को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले आर्थिक वर्ष २०६०।६१ को अन्त्यमा अधिविकर्ष वापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रु. ९,०६,००,००,००० (नौ अरब छ करोड रुपैयाँ) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ ।

तर यसरी उठाइने राष्ट्र ऋण रकममा श्री ५ को सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन ।

(२) श्री ५ को सरकारले आर्थिक वर्ष २०६०।६१ सम्मको नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी अधिविकर्षलाई श्री ५ को सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ ।

३. बचाउ: सम्वत २०६१ साल श्रावण १ गते जारी भएको राष्ट्र ऋण उठाउने अध्यादेश, २०६१ बमोजिम भए गरेको काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति: २०६१।१०।१६

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।